बैठक संख्या : ११९/०८/०७८/७९

मिति:२०७८/९/९

समय : बिहानको ११ वजे

आज मिति २०७८/९/९ गते शुक्रबारका दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री दिलबहादुर ऐर ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| १. श्री दिलबहादुर ऐर : नगर प्रमुख | अध्यक्ष |
| २. श्री तुलसीदेवी हमाल : नगर उप-प्रमुख | सदस्य |
| ३. श्री हरिश विष्ट : वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. श्री शिवराज पनेरु : वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. श्री नरेन्द्रपसाद्र चौधरी वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. श्री ज्ञान बहादुर विष्ट : वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. श्री कमलराज गिरी : वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. श्री जगता राना : वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. श्री जगतबहादुर सिंह : वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. श्री बहादुरसिंह महरा : वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. श्री रमेशबहादुर ऐर : वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. श्री लालबहादुर ऐर : वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. श्री दिलबहादुर बुढा : वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. श्री बाले राना : वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. श्री लक्ष्मी शाह : नगरकार्यपालिका सदस्य | सदस्य |
| १६. श्री यशोदा भट्ट : नगरकार्यपालिका सदस्य | सदस्य |
| १७. श्री बिमलाकुमारी सार्की : नगरकार्यपालिका सदस्य | सदस्य |
| १८. श्री शान्ती दमाई : नगरकार्यपालिका सदस्य | सदस्य |
| १९. श्री बिमलादेवी चौधरी : नगरकार्यपालिका सदस्य | सदस्य |
| २०. श्री भिमबहादुर टमटा : नगरकार्यपालिका सदस्य | सदस्य |
| २१. श्री ईश्वर सुनार : नगरकार्यपालिका सदस्य | सदस्य |
| २२. श्री बहादुर दमाई : नगरकार्यपालिका सदस्य | सदस्य |
| २३. श्री टिकेन्द्र राज भट्ट : प्रमुख प्रशासकीय अधिकृत | सचिव |

अन्य उपस्थिति

१. श्री महेशराज पाण्डेय – प्रशासन अधिकृत
२. श्री सुरेन्द्र देव भट्ट – बैठक शाखा
३. श्री पदम बहादुर ऐर – का .स.
४. श्री [illegible] – [illegible]

मिति २०७८/०९/०९ गते

**११९ औं कार्यपालिका बैठकका निर्णयहरु**

निर्णय नं. १ - यस शुक्लाफाँटा नगरपालिकाको १० औं नगरसभा बैठक मिति २०७८/०९/२५ गते बिहान ११ बजे न.पा.हलमा बस्ने निर्णय गरियो ।

निर्णय नं. २ - यस शुक्लाफाँटा न.पा. को वडा नं. १ बन्शाहाका २५ मुक्त हलिया घरधुरीहरुको सुरक्षित आवास निर्माण गर्न यस न.पा.बाट ५० (पचास) लाख समपुरक कोषबाट विनियोजन गर्ने र बाँकी थप अपुग रकम ह्याविटेट फर ह्युम्यानिटी नेपाल संस्थाबाट माग गर्ने ।

निर्णय नं. ३ - तराई मधेश समृद्धि कार्यक्रम का योजना सम्बन्धमा छलफल हुँदा ११६ औं कार्यपालिका बैठकको निर्णय नं. ४ मा रहेका (चार) वटा योजनामा तराई मधेश समृद्धि कार्यक्रमको संशोधित निर्देशिका बमोजिम कूल बजेटको ३० प्रतिशत रकम न.पा.बाट बिनियोजन गर्नुपर्नेमा १० प्रतिशत मात्र विनियोजन भएकोले बाँकी २० प्रतिशत रकम सो चारवटै योजनाहरुमा समपूरक कोषबाट थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ - पुराना घरको नक्सा पास सम्बन्धमा छलफल हुँदा चालु आ.व. २०७८/७९ को अषाढ मसान्त सम्म अन्तिम पटकका लागि सूचना प्रकाशन गर्ने र प्राप्त निवेदन उपर तोकिएको मापदण्ड अनुसार आवश्यक कारबाही गर्ने ।

निर्णय नं. ५ - खेलकूद कार्यविधि थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

निर्णय नं. ६ - सडक सेवा कर न्यूनतम रु २ (दुई) लाख र विज्ञापन कर न्यूनतम अंक रु ५० (पचास) हजार हुने गरी पुनः बोलपत्र आह्वान गर्ने ।

निर्णय नं. ७ - RUDP सडक क्षतिपूर्ति सम्बन्धमा प्राप्त निवेदन फाइलहरुको अध्ययन गरी प्रक्रिया पुगेका घरधुरीलाई क्षतिपूर्तिको रकम भुक्तानी दिने र केही छुटेका घरहरु भए नापी तथा पुर्नमुल्यांकन गर्ने र मुल्यांकन गर्ने सम्बन्धमा २ (दुई) तलेको भुई तले मात्र भएको तथा RCC frame structure घरको सट्टा Load Bearing घर भएकोमा तत घरहरुको पुनः प्राविधिक मूल्याकंन गरी सच्याई क्षतिपूर्ति भुक्तानी दिने र १५ दिने अन्तिम सुचना प्रकाशित गर्ने ।

निर्णय नं. ८ - जे.सि.बी. लगायतका सवारी साधन भाडा तथा शुल्क निर्धारण सम्बन्धमा छलफल हुँदा विगत कार्यपालिकाले यस सम्बन्धमा गरेको निर्णय कार्यान्वयन गर्ने ।

निर्णय नं. ९ - दिपनगर आ.वि., दिपनगर र सिद्धनाथ आ.वि. बसन्तपुरमा बिल्डन संस्थाले गर्ने र गरेको भवन निर्माण कार्यमा यस नं.पा.बाट प्रति विद्यालय रु ७ (सात) लाख का दरले साझेदारी रकम भुक्तानी दिने ।

निर्णय नं. १० - यस शुक्लाफाँटा न.पा. कृषि शाखा अन्तर्रगत पकेट प्राविधिक समितिको मिति २०७८ मंसिर १५ गते बसेको बैठकको निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. ११ - यस शुक्लाफाँटा न.पा. आ.व. २०७८/०७९ को तराई मधेश समृद्धी अन्तरर्गत सञ्चालन हुने पिताम्बर स्वास्थय चौकी भवन हाल सञ्चालनमा रहेको पिताम्बर स्वास्थ्य चौकी परिसरमै निर्माण गर्ने ।

निर्णयं नं. १२ - कोभिड-१९ नगद रु १० हजारको लागि छनौट सम्बंन्धमा छलफल गर्दा सम्बन्धित वडा अध्यक्षले आफ्नो वडाबाट कोभिड १९ को माहामारीबाट प्रभावित अति विपन्न परिवार लाई नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ३ को उपदफा १ र २ बमोजिमका लाभग्राही/व्यक्तिहरु यथाशिघ्र छनौट गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. १३ - आ.व. ०७७/०७८ को यस नगरपालिकाको कार्यपालिका बैठकमा पेश भएको स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकनको (LISA) अन्तिम नतिजा सर्वसम्मतबाट अनुमोदन गर्ने ।

निर्णय नं. १४ - संघीय सरकार युवा तथा खेलकुद मन्त्रालयको १ पालिका एक खेलग्राम योजना अन्तरर्गत मन्त्रालय र यस न.पा.को साझेदारीमा शु.न.पा. १, बन्शाहा खेलमैदान तथा अधुरो कबर्ड हल निर्माणका लागि यस आ.व. २०७८/०७९ को लागि बजेट माग गर्ने र यस पालिकाबाट बेहोर्नु पर्ने लागत साझेदारी रकम न.पा.को मेचिङ फन्डबाट बेहोर्ने ।

निर्णय प्रमाणित ।
२०७८।०९।०९